बाँफिकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :१ संख्या : ७ मिति : २०७५/०३/३०

**भाग–२**

**बाँफिकोट गाउँपालिका**

## <u>बाँफिकोट गाउँकार्यपालिकाको सुचना</u>

बाँफिकोट गाउँकार्यपालिकाले **बाँफिकोट गाउँपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५** पारित गरेकोले सर्वसाधारणको जाकारीकोलागि यो सूचना प्रकाशन गरिएको छ।

**बाँफिकोट गाउँपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५**

### १. वस्तुगत विवरण (profile) तयार गर्नुपर्ने :

प्रत्येक स्थानिय तहले वार्षिक योजना तथा बजेटतर्जुमा सहभागिता मुलक प्रक्रियाबाट नतिजामुलक ढंगले गर्नुपर्दछ। वार्षिक योजना र बजेट तर्जुमा गर्नु पुर्वस्थानिय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पुर्वाधार लगाएतका क्षेत्रको यथार्थ स्थिति देखिने गरि वस्तुगत विवरण तयार गर्नुपर्नेछ।

वस्तुगत विवरणको आधारभुत ढाँचामा मामिला तथा स्थानिय विकास मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ। सो ढाँचामा स्थानिय तहले आवस्यक्ता अनुसार थप विवरण समावेश गरी परिमार्जन गर्न सक्नेछ। वस्तुगत विवरण अध्यावधिक गरी आफ्नो वेव साईट मार्फत सार्वजनिक गर्नु स्थानिय तहको कर्तव्य हुनेछ।

**२. बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा :**

प्रत्येक स्थानीय तहले आगामी आर्थिक वर्षको लागि वार्षिक बजेट तथा कार्यक्रम कानुनमा मिति तोकिएकोमा सोहि मितिमा र अन्य अवस्थामा आर्थिक वर्ष शुरु हुनु अगावै तर्जुमा गरि सभावाट स्वीकृत गर्नुपर्नेछ । बजेट तथा कार्यक्रम तर्जुमको लागि देहाय बमोजिमका समितिहरु रहने छन् ।

**२.१ स्थानिय राजस्व परामर्श समिति**

१, नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रहि स्थानिय तहले आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेशन गरि आगामि आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयाजनको लागि देहाय बमोजिम एक राजस्व परामर्श समितिको गठन हुनेछ ।

क) गाउँपालिकाको उपाध्यक्ष – संयोजक

ख) गाउँपालिकाको प्रमुख प्रशाशकीय अधिकृत – सदस्य

ग) गाउँ कार्यपालिकाका सदस्यहरु मध्ये बाट तोकेको एक महिला सहित २ जना सदस्य – सदस्य

घ) स्थानिय उद्योग वाणिज्य संघका प्रमुख वा प्रतिनिधि – सदस्य

ङ) घरेलु तथा साना उद्योग सम्वन्धि मान्यता प्राप्त संस्थाको प्रमुख वा प्रतिनिधि – सदस्य

च) गाउँ कार्यपालिकाको राजस्व विभाग र शाखा प्रमुख – सदस्य

२, समितिले राजस्व, बजेट तथा लेखा क्षेत्रमा दक्षता भएका सम्बन्धित स्थानिय तहको क्षेत्र भित्रका दुई जना विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

३, राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिार देहाय बमोजिम हुनेछ ।

क) राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन र सोको परिपालनका सम्वन्धमा आवस्यक परापर्श प्रदान गर्ने ।

ख) राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेशन गरि आगामि आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने ।

ग) राजस्वका दर र क्षेत्र लगाएतका आधारमा आन्तरीक आयको विश्लेषण र अनुमान गर्ने ।

घ) स्थानिय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारि सिर्जनामा योदान दिने किसिमको कर निति अवलम्वन गर्न परामर्श दिने ।

ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरि सिफारिस गर्ने ।

च) राजस्व प्रशासन सुधारका लागि अन्य आवस्यक सुझावहरु पेश गर्ने ।

२.२ श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति

२.२.१ स्थानिय तहमा प्राप्त हुन सक्ने कुल आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तय गर्न स्थानिय तहमा देहायबमोजिमको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन हुनेछ ।

क) गाउँ कार्यपालिकाका अध्यक्ष – संयोजक

ख) गाउँ कार्यपालिकाका उपाध्यक्ष – सदसय

ग) अध्यक्षले कार्यपालिका सदस्यहरु मध्येबाट तोकेको महिला दलित वा अल्पसंख्यक बाट प्रतिनिधित्व हुने गरि वढिमा ४ जना – सदस्य

घ) गाउँपालिकामा योजना हेर्ने महाशाखा वा शाखा प्रमुख – सदस्य

ङ) प्रमुख प्रशाशकीय अधिकृत – सदस्य सचिव

२.२.२ श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) आन्तरिक आय, राजस्व बाँडफाँड बाट प्राप्त हुने आय, संघिय तथा प्रदेश सरकारबाट प्राप्तहुने वित्तिय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षपण गर्ने ।

ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवस्यक्तालाई मध्यनजर गरि प्रक्षेपित श्रोतको सन्तुलित वितरणको खाका तय गर्ने ।

ग) आगामि आर्थिक वर्षको लागि श्रोत अनुमानको आधारमा बजेटको कुल सिमा निर्धारण गर्ने ।

घ) विषय क्षेत्रगत बजेटको सिमा निर्धारण गर्ने ।

ङ) संघिय प्रदेश सरकार बाट प्राप्त मार्गदर्शन, स्थानिय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकरणका आधार तय गर्ने ।

च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्वन्धि मार्गदर्शण तय गर्ने ।

छ) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्वन्धि स्थानिय तहको आवस्यक्ता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने ।

२.३ बजेट तथा कार्यक्रम तर्जुमा समिति

२.३.१ स्रोत अनुमान बजेट सिमा निर्धारण समितिबाट तयार भएको आएको प्रक्षेपण र वितरणको खाकामा आधारीत भई नेपालको संविधानको धारा २३० बमोजिम स्थानिय तहको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्न देहायबमोजिमको समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) गाँउ कार्यपालिकाको उपाध्यक्ष | – संयोजक |
| ख) विषयगत क्षेत्र हेर्ने गाउँ कार्यपालिकाका सदस्यहरु | – सदस्य |
| ग) गाँउ कार्यपालिकाको प्रमुख प्रशाशकीय अधिकृत | – सदस्य |
| घ) योजना महाशाखा विभाग वा शाखा प्रमुख | – सदस्य |

२.३.२ बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनछ ।

क) आगामि आ.व. को निति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने ।

ख) श्रोत अनुमान समितिले दिएको बजेट सिमा भित्र रहि बजेट तथा कार्यक्रमको प्रथमिकरण गर्ने ।

ग) बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरि गाउँ कार्यपालिकामा पेश गर्ने ।

घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम बिच आपसि तादम्यता तथा परिपुरकता कायम गर्ने ।

ङ) बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धि स्थानिय तहको निर्णय र आवश्यक्ता र निर्णय बमोजिम अन्य कार्यहरु गर्ने ।

**३. योजना / आयोजना तर्जुमा तथा प्राथमिकरणका आधारहरु :**

गाउँपालिकाले योजना/आयोजना तथा बजेट तर्जुमा गर्नु पुर्व योजना / आयोजना छनौट र प्राथमिकिकरणको आधार र मापदण्ड तयार गर्नु पर्नेछ । यस्तो आधार र मापदण्ड तयार गर्दा वस्ति / टोल स्तर वडास्तर र गाउँपालिका स्तरका छुट्टा छुट्टै मापदण्ड र आधार तोक्न सकिनेछ । यस्ता आधार र मापदण्ड तय गर्दा सामान्य तया निम्न विषयहरु समावेश गर्नुपर्नेछ ।

३.१ योजना तर्जुमाका आधारहरु :

- नेपालको संविधानको अनुसुचि ८ र ९ मा उल्लेखित स्थानियतहको एकल तथा साझा अधिकारका सुचि,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका अर्थिक, सामाजिक विकाश, प्रकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण संवन्धि नितिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकार बाट स्वीकृत संघ, प्रदेश र बाँफिकोट गाउँपालिको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- संघिय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका निति तथा प्राथमिक्ताहरु,
- संघिय संघिय सरकारले अवलमवण गरेका आर्थिक तथा वित्तिय नितिहरु,
- बाँफिकोट गाउँपालिकाका आवधिक योजनाले तय गरेका प्राथमिक्ताहरु,
- नेपालले अतिराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानिय शासन संचालन ऐन र नियमावलिका प्राव्धानहरु,
- बाँफिकोट गाउँपालिकाका आवधिक योजनाहरु,क्षेत्रगत निति, रणनिति, योजना तथा अध्यन प्रतिवेदनहरु,
- विकाशका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकाश, जलवायु परिवर्तण, र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशि विकाश, वालमैत्रि स्थानिय शाशन, वातावरण मैत्रि स्थानिय शासन, खुला दिसा मुक्त तथा पुर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- बाँफिकोट गाउँपालिकाको मध्यकालिन खर्च संरचना (एम.टि.ई.एफ.) अनुरुप प्राथमिक्ता परेका कार्यक्रमहरु,
- बाँफिकोट गाउँपालिकाले आवस्यक देखेका अन्य विषयहरु ।

३.२ आयोजना/कार्यक्रम प्राथमिकिकरणका आधारहरु :

- आर्थिक विकाश र गरिवि निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरुको हकमा बढिमा तिन वर्ष भित्र सम्पन्न हुने )
- राजस्व परिचलनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकाश र शुसानमा योगदान पुऱ्याउने,
- स्थानिय श्रोत साधनमा आधारित भई जनसहभागिताका अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समाबेशिकरणको अभिवृद्धि हुने,
- दिगो विकाश, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल (Resilience) बनाउने,

- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्दन गर्ने,
- बाँफिकोट गाउँपालिकाले आवस्यक देखेका अन्य विषयहरु ।

**४. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया :**

बाँफिकोट गाउँपालिकको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न चरणहरुको अवलम्वन गर्नुपर्नेछ ।

४.१ संघ तथा प्रदेशवाट वित्तिय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शण प्राप्त गर्ने बाँफिकोट गाउँपालिकाले प्रत्येक वर्ष संघिय प्रदेश सरकारबाट वित्तिय वित्तिय हस्तान्तरणको खाका, मार्गदर्शण प्राप्त गरि उक्त खाका, मार्गदर्शण एवं स्थानिय श्रोत साधन समेतको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्नेछ ।

**४.२ श्रोत अनुमान र कुल बजेट सिमा र्धािरण :**

४.२.१ राजस्व परामर्श समितिले राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामि आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नेछ ।

४.२.२ श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले आगामि आ.व.को बजेटको कुल सिमा, विषय क्षेत्रगत बजेट सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकरणका आधार र मार्गदर्शण तय गरि स्वीकृतिको लागि बाँफिकोट गाउँ कार्यपालिकामा पेश गर्नेछ ।

४.२.३ विषय क्षेत्रगत सिमा निर्धारण गर्दा समपुरक कोष, लक्षित समुह विकास, आर्थिक, सामाजिक तथा पुर्वाधार विकाश र पवर्द्धनात्मक कार्यक्रमहरुको लागि निस्चित रकम छुट्याउन सकिनिछ ।

४.२.४ बाँफिकोट गाउँ कार्यपालिकाले विषय क्षेत्रगत बजेट सीमा, मार्गदर्शन तथा प्राथमिकिकरणका आधारहरु स्वीकृत गरि वडा तहमा पठाउने ।

४.२.५ वडा समितिले प्राप्त विषय क्षेत्रगत सिलिङ र मार्गदर्शनमा छलफल गर्ने, वडा अन्तर्गतका वस्तिहरुमा योजना छनौटको मोडालिटि तयार गर्ने, बस्तीहरुमा योजना छलफलको मिति तय गरि सुचना गर्ने ।

**४.३ बस्ती / टोल स्तरवाट आयोजना / कार्यक्रम छनौट :**

४.३.१ वडा समितिले वस्तीस्तरको आयोजना/कार्यक्रमको ढाँचा तय गर्दा वडा भित्रका बस्तिहरुलाई भौगोलिक अवस्थीति, जनसंख्या, यातायातको सुविधा लगाएतका आधारमा क्लस्टर निर्माण गरि सवै नागरिकलाई योजना छनौटको वस्ती स्तरिय भेलामा सहभागि हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४.३.२ वस्ति/टोलस्तरको आयोजना/कार्यक्रम छनौटका लागि वडा सदस्यको नेतृत्वमा टोलि परीचालन गर्नु पर्नेछ ।

४.३.३ वस्ति/टोलस्तरको आयोजना/कार्यक्रम छनौट गर्दा वालवालिका, महिला, आदिवासी/जनजाति, मधेसि, दलित, अपांग, सीमान्तकृत पिटडावर्ग लगायत सवै समुदायको अर्थपुर्ण उपस्थिति हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४.३.४ वस्ति/टोलस्तरको आयोजना/कार्यक्रम छनौटमा नागरिक समाजका संस्थाहरु, महिला/आमा समुहहरु, वालक्लवहरु, स्थानिय गैर सरकारि संस्थाहरु, सहकारी संस्थाहरु, निजि क्षेत्रका संस्थाहरु जस्ता स्थानिय संघ संस्थाहरुको सक्रिय सहभागिता गराउनु पर्नेछ ।

४.३.५ वस्तीस्तरमा छनौट भएका आयोजना र कार्यक्रमहरुको सुचि तयार गरि वडा समितिमा पेश गर्नुपर्नेछ ।

**४.४ वडा स्तरमा आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण :**

४.४.१ वडा समितिले बाँफिकोट गाँउपालिकाबाट प्राप्त आयोजना र कार्यक्रमहरुको प्राथमिकिकरण मापदण्डको आधारमा टोल/वस्ती स्तरबाट प्राप्त आयोजना र कार्यक्रमहरुलाई विषय क्षेत्र समेत छुट्याई प्रथमिकिकरण गरि वजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिस गरि पठाउनु पर्नेछ ।

४.४.२ वडा समितिले वस्तिस्तरबाट माग नभएका तर बाँफिकोट गाउँपालिकास्तरमा महत्वपुर्ण देखियका आयोजना र कार्यक्रमहरुलाई समेत औचित्य खुलाई प्राथमिकिकरणको सुचिमा राखि पठाउन सक्नेछ ।

**४.५ बजेट तथा कार्यक्रम तर्जुमा :**

४.५.१ बजेट तथा कार्यक्रम तर्जुमा समितिले वडा समिति बाट प्राथमिकिकरण भई आएका आयोजना/कार्यक्रमहरु तथा बाँफिकोट गाँउपालिका स्तरमा सञ्चालन गर्न आवस्यक देखियका आयोजना र कार्यक्रम समेतका आधारमा विषयक्षेत्रगत सुचि तयार गर्नुपर्नेछ ।

४.५.२ विषयक्षेत्रगत सुचि तयार गर्दा देहाय बमोजिम क्षेत्र छुट्याउनु पर्नेछ :

क) आर्थिक विकाश (कृषि उद्योग तथा वानिज्य पर्यटन सहकारी वित्तिय क्षेत्र )

ख) सामाजिक विकाश ( शिक्षा, स्वास्थ्य, खानेपानि तथा सरसफाई, संस्कृति पर्वद्धन, लैंगिक समान्ता तथा सामाजिक समावेशिकरण,)

ग) पुर्वाधार विकाश ( सडक तथा पुल झोलुंगे पुल समेत) सिंचाई भवन तथा सहकारी विकाश, उर्जा,लघु तथा साना जलविद्युत वैकल्पीक उर्जा समेत ) संचार

घ) वातावरण तथा विपद व्यवस्थापन - वन तथा भु–संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तण, फोहोरमैला व्यवस्थापन, sanitary land fill sites,जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुण यन्त्र सञ्चालन

ङ) संस्थागत विकाश तथा सेवा प्रवाह - मानव संसाधन विकाश, संस्थागत क्षमता बिकाश, संस्थागत पुर्वाधार, नागरिक वडापत्र, तथा टोकन प्रणालि, सेवा प्रवाहका मापदन्ड निर्धारण, सेवा प्रवाहमा विद्युतिय सुचना प्रविधिको प्रयोग,

च) वित्तिय व्यवस्थापन र सुशासन - लेखांकण, राजस्व परिचालन, वित्तिय अनुसासन, वित्तिय जोखिम न्यनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणलि, अन्तिम लेखा परिक्षण तथा वेरुजु फर्छौट, सुचना तथा सञ्चार व्यवस्थापन,

४.५.३ आयोजना तथा कार्यक्रमहरुको विषयगत सुचिमाथि छलफलको लागि विषयगत क्षेत्र हेर्ने सदस्यको संयोजनमा बाँफिकोट गाँउ सभाका कम्तिमा १/१ जना महिला तथा दलित सदस्य सम्वन्धित विषय हेर्ने शाखा र विभागका प्रमुख समेत रहने गरि ५ सदस्यीय कार्य समुह गठन गरि समुहगत छलफलको व्यवस्था मिलाउनु पर्नेछ । यस्तो कार्यसमुहको सदस्य सचिव बजेट तथा कार्यक्रम समितिले तोकेको सम्वन्धित विषय हेर्ने शाखा र विभागका प्रमुख रहनेछन ।

क) बाँफिकोट गाउँ कार्यपालिकाले तय गरेको आयोजना र कार्यक्रम प्राथमिकिकरण मापदण्ड र आधार

ख) आयोजनाहरुको सञ्चालनको संभाव्यता, प्राविधिक क्षमता र बजेट सिमा

ग) आयोजना र कार्यक्रममा हुन सक्ने दोहोरोपन, अन्तर विषयगत परिपुरकता र अन्तरसम्वन्ध

४.५.५ विषयगत कार्य समुहले विषयक्षेत्रगत छलफलमा सम्वन्धित विषयका विज्ञ वा क्षेत्रका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

४.५.६ विषयगत कार्य समुहवाट छलफल भई प्राथमिकीकरण भएका योजना र कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्वीकृतिको लागि बाँफिकोट गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ ।

४.५.७ बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयोजना र कार्यक्रम सिफारिस गर्दा खर्च व्यहोर्ने स्रोत किटान भएका तथा बजेट सुनिस्चित भएका आयोजना र कार्यक्रमहरु मात्र पेश गर्नु पर्नेछ ।

४.५.८ बजेट तथा कार्यक्रम समितिले बजेट तथा कार्यक्रम पेश गर्दा देहाय बमोजिमका विवरणहरु समेत तयार गरि पेश गर्नुपर्नेछ । विवरण तयार गर्ने ढाँचा अनुसुचिहरुमा संलग्न भए वमोजिमको हुनुपर्नेछ ।

क) आगामि वर्षको लागि प्रस्तावित राजस्व र करका दरहरु

ख) बाँफिकोट गाँउपालिका तहको वार्षिक निति तथा कार्यक्रम

ग) बाँफिकोट गाँउपालिकाको गत आ.व. को यथार्थ, चालु आ.व.को संशोधित अनुमान र आगामि आ. व. को अनुमानित आय व्ययको विवरण

घ) बाँफिकोट गाउँपालिकाको वार्षिक विकाश कार्यक्रम (आयोजना र कार्यक्रमको विवरण)

ङ) विनियोजन विधेयक

च) आर्थिक विधेयक

**४.६ बाँफिकोट गाँउ कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने :**

४.६.१ बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको निति तथा कार्यक्रम, वार्षिक विकाश कार्यक्रम बजेट बाँफिकोट गाँउ कार्यपालिकामा छलफल गरि स्वीकृत गर्नु पर्नेछ ।

४.६.२ यसरी स्वीकृत निति तथा कार्यक्रम, बजेट र वार्षिक विकाश कार्यक्रम बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकत्वमा गाँउ सभामा असार १५ गते बजेट भाषण मार्फत पेश गर्नेछ ।

**४.७ बाँफिकोट गाउँ सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति :**

४.७.१ बाँफिकोट गाँउ कार्यपालिकाले पेश गरेको निति, कार्यक्रम र बजेट उपर गाँउ सभामा दफावार छलफल गरि वहुमतले पारित गर्नु पर्नेछ ।

४.७.२ यसरी पारित भएको निति, कार्यक्रम र बजेट कार्यान्वयनको लागी बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

४.७.३ बाँफिकोट गाँउ कार्यपालिकाको कार्यालयले यसरि प्राप्त भएको निति कार्यक्रम र बजेटको कार्यान्वयनको समयतालिका समेत तयार गरि कार्यान्वयनमा लैजानु पर्नेछ ।

**५. गैर सरकारी संस्था तथा निजि क्षेत्रको सहकार्यमा सञ्चालन हुने योजना कार्यक्रम सम्वन्धि व्यवस्था**

५.१ बाँफिकोट गाँउपालिकामा कार्यक्रम सञ्चालन गर्न चाहने गैर सरकारी संस्थाहरुले कार्यक्रम सञ्चालन गर्नु पुर्व गाँउ सभाबाट कार्यक्रम पारित गराउनु पर्नेछ ।

५.२ गैरसरकारी संस्थाले कार्यक्रम सञ्चालनको प्रस्ताव गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । गाउँ कार्यपालिकाको कार्यालयले यस्तो प्रस्तावलाई बजेट तथा कार्यक्रम समितिमा पठाई सम्वन्धित विषयक्षेत्रगत समितिहरुमा छलफल गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

५.३ निजि क्षेत्रका संस्थाहरु संगको सहकार्यमा सञ्चालन हुने कार्यक्रम सञ्चालन गर्नु पुर्व गाउँ सभाबाट कार्यक्रम पारित गराउनु पर्नेछ ।

**६. बजेट तथा कार्यक्रम कार्यान्वयन, अनुगमण र मुल्यांकण :**

**६.१ बजेट तथा कार्यक्रमको कार्यान्वयन**

६.१.१ बाँफिकोट गाँउ सभाबाट वार्षिक कार्यक्रम बजेट स्वीकृत भएपछि गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रम कार्यान्वयन योजना तयार गर्नु पर्नेछ ।

६.१.२ कार्यान्वयन कार्ययोजना तयार गर्दा कार्यान्वयनको ढाँचा समय सिमा कार्यान्वयन गर्ने जिम्मेवार निकाय वा पदाधिकारी, अनुगमण मुल्यांकणको मापदण्ड र प्रक्रिया समेत तोक्नु पर्नेछ ।

६.१.३ आयोजना र कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन लगायत प्रचलित कानुनको अधिनमा रहि गर्नु पर्नेछ ।

**६.२ बजेट तथा कार्यक्रमको अनुगमण र मुल्यांकण :**

६.२.१ बाँफिकोट गाँउपालिकाले संचालित आयोजनाहरुको नियमित अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

६.२.२ अनुगमन गर्दा स्पष्ट नतिजा सुचक सहितको अनुगमन फारम तयार गरी प्रयोग गर्नु पर्नेछ ।

६.२.३ योजना प्रगति समिक्षाको लागि बाँफिकोट गाँउपालिकाको अध्यक्षको अध्यक्षतामा स्थानिय विकास समस्या समाधान समिति गठन गर्नुपर्नेछ । यस्तो समितिको बैठक कम्तिमा वर्षको ३ पटक बस्नु पर्नेछ ।

६.२.४ बाँफिकोट गाँउपालिकाले आयोजना/परियोजनाको अनुगमन सुपरिव्यक्षण र मुल्यांकणको लागि विभिन्न समितिहरु गठन गर्न सक्नेछ ।

६.२.५ अनुगमन मुल्यांकन सम्वन्धि अन्य व्यवस्थाको वारेमा बाँफिकोट गाँउपालिकाले आवस्यक कार्यविधि तयार गर्न सक्नेछ ।

**७. विविध :**

७.१ राजस्व तथा खर्च शिर्षकको प्रयोग :

बाँफिकोट गाउँपालिकाले वार्षिक वजेट तथा कार्यक्रम बनाउदा नेपाल सरकारले तोके बमोजिमका राजस्व तथा खर्चको शिर्षकहरुको प्रयोग गर्नु पर्नेछ ।

७.२ निर्वाचन सम्पन्न नभएको सम्वन्धमा विशेष व्यवस्था बाँफिकोट गाँउपालिकाको हकमा निर्वाचित प्रतिनिधि वहाल नभए सम्म चालु प्रकृतिका अनिवार्य दायित्व सम्वन्धि -तलव भत्ता र कार्यालय सञ्चालन) खर्च गाँउ कार्यपालिकाका पदाधिकारी हरुको कार्यकक्ष तथा कार्यालयको मर्मत संभार व्यवस्थापन खर्च र वहुवर्षिय खरिद योजना अन्तर्गत कार्यान्वयनमा रहेका एवं हस्तान्तरण भई आएका आयोजना तथा कार्यक्रमहरुको लागि वजेट वनाई कार्यान्वयन गर्न सकिनेछ ।

## योजना तर्जुमाको समय तालिका

| क्र.सं. | कार्य विवरण | आ.व.२०७४/०७५ को लागि | अन्य आ.व.को लागि | कैफियत |
|---|---|---|---|---|
| १ | संघ तथा प्रदेशबाट वित्तिय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शण प्राप्त गर्ने | फागुन मसान्त भित्र | चैत्र मसान्त | |
| २ | श्रोत अनुमान र कुल बजेट सिमा निर्धारण | असार ४ | पौष मसान्त | |
| ३ | बस्ती/टोल स्तरबाट योजना छनौट | असार १० | वैशाख १० | |
| ४ | वडा स्तरिय योजना प्राथमिकिकरण | असार १५ | वैशाख २० | |
| ५ | बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बजेट तथा कार्यक्रम तयारी | असार २४ | जेष्ठ २० | |
| ६ | गाउँ कार्यपालिका बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृति गरि सभामा पेश गर्ने | असार २५ | असार १५ | |
| ७ | गाउँ सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति | असार ३० | असार ३० | |

आज्ञाले,

नाम : लोक बहादुर कुसारी

प्रमुख प्रशासकीय अधिकृत

# बाँफिकोट गाउँपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५

बाँफिकोट गाउँकार्यपालिकाबाट स्वीकृति मिति :२०७५/३/१८

गाँउसभा पारित मिति : २०७५/०३/२९

प्रमाणिकरण मिति : २०७५/०३/३०

स्थानीय राजपत्रमा प्रकाशित मिति :२०७५/०३/३०

बाँफिकोट गाउँपालिका

२०७४